## सर्वोच्च अदालतबाट खडा भएको

## तारेख पर्चा

रिट: उत्प्रेषण समेत।

रिट नं:०८३-WO-००६९

| निवेदक | प्रत्यर्थी |
| --- | --- |
| अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयको तर्फबाट संस्थाका कर्मचारी बरुण बस्याल र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको तर्फबाट संस्थाका अध्यक्ष तिलोत्तम पौडेल | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं समेत |

मिति २०८३।४।१६मा दर्ता हुदाँ

मिति २०८३ साल साउन १८ ( अठार ) गते दिनको ०९:०० बजे पेशी तारेखमा हाजिर हुन आउनुहोला।

CamScanner

**श्री सर्वोच्च अदालतमा पेश गरेको**

**निवेदनपत्र**

**विषयः** नेपालको संविधानको धारा १३३(२),(३) बमोजिम उत्प्रेषणयुक्त परमादेश लगायत आवश्यक आदेश जारी गरिपाऊँ।

| | |
|---|---|
| बागमती प्रदेश काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. १० स्युचाटार स्थित कार्यालय रहेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश, कार्यालयको तर्फबाट संस्थामा कर्मचारी निज वरुण बस्याल (फोन नं...........................................................................................१<br>बागमती प्रदेश काठमाडौं जिल्ला काठमाडौ माहानगरपालिका वडा नं. २९ अनामनगर स्थित कार्यालय रहेको बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को तर्फबाट संस्थामा अध्यक्ष निज तिलोत्तम पौडेल (फोन नं...........................................................................................१ | रिट निवेदक वादी |

**विरुद्ध**

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं.....१<br>शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरवार काठमाडौं ...................................१<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय.......................................................................................१<br>स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरवार काठमाडौं.............................१ | विपक्षी प्रत्यर्थी |

CamScanner

| | |
|---|---|
| भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय.............१ | |
| पुर्वाधार विकास मन्त्रालय सिंहदरवार काठमाडौं.......................................१ | |
| गृह मन्त्रालय सिंहदरवार काठमाडौं.......................................................१ | |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्र.....................................................१ | |
| अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति...............................१ | |
| काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय ...............................१ | विपक्षी प्रत्यर्थी |
| किर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय.....................................१ | |
| चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय..................................१ | |
| नागार्जुन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय.....................................१ | |
| बनेपा नगरपालिका, नगर कार्यपालिका........................................................१ | |

मुद्दा : उत्प्रेषणयुक्त परमादेश समेत ।

हामी रिट निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(१) बमोजिम लाग्ने दस्तुर साथै संलग्न गरी नेपालको संविधानको धारा ४६, १३३(२) र (३) तथा निम्न व्यवहोराको निवेदन गर्दछौः-

## पृष्ठभूमि

१. हामी निवेदक अनौपचारिक क्षेत्र सेवा केन्द्र र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (यसपछि सहजताको निम्ति "**निवेदक संस्था**" भनिएको)) विगत लामो समयदेखि नेपालमा मानव अधिकारको संरक्षण, प्रवर्द्धन, सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको र विद्यालयलाई शान्ति क्षेत्र, बालअधिकार र सुरक्षासम्बन्धी नीति निर्माणमा सरकारलाई सुझाव दिने बालबालिका विरुद्धका हिंसा र जोखिमविरुद्ध सचेतना जगाउने कामकार्य गर्दै आएको छौं। आफ्नो विश्वसनीयता, प्रभावकारिता र व्यावसायिकताका कारण मुलुककै एक अग्रणी राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा स्थापित यस संगठनले विशेषगरी ग्रामीण तथा भुइँ तहका सीमान्तकृत समुदाय, दलित, महिला, पूर्व-कमैया, पूर्व-हलिया, हलिया श्रमिक र बालबालिकाहरूको अधिकार सुनिश्चितताका लागि लक्षित सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। निरन्तर नेपालमा न्याय र मानव अधिकारको क्षेत्रमा



CamScanner

अनवरत रुपमा क्रियाशिल संस्था रहेको, साथै हामी निवेदक काठमाडौं उपत्यकाको विभिन्न नदी किनारमा सार्वजनिक जग्गाहरुमा वर्षैदेखि बसोबास गर्दै आएको भूमिहीन सुकुम्बासीहरुको बस्तीका घर तथा टहराहरु सरकारले हटाएको उक्त क्षेत्रका बासिन्दाहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विशेषगरी बालबालिकाको मानव अधिकार उल्लंघनका क्षेत्रमा जवाफदेहीता सुनिश्चित गर्नका लागी निरन्तर अभ्यासरत भई सार्वजनिक सरोकारको विषयमा चासो राखे हकदैया राख्दछौ । बालबालिकाको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नु सबैको दायित्व हुन्छ । शिक्षा व्यक्तिको आधारभुत आवश्यकता साथै शिक्षा व्यक्तिको मानव अधिकार पनि हो ।

<u>क्षेत्राधिकार</u>

२. नेपालको संविधानको धारा, १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा अन्तर्निहित असाधारण अधिकारक्षेत्रको प्रयोगका सम्बन्धमा यस अदालतको वृहतपूर्ण इजलासले निवेदक **तारादेवी ढकाल विरुद्ध बहादुर कृष्ण ताम्राकारसमेत**[1] भएको उत्प्रेषण मुद्दामा यस प्रकार विवेचना गरेको पाईन्छः-

*"जहाँ अधिकार हुन्छ, त्यहाँ उपचार पनि हुन्छ (Ibi Jus Ubi Remedium)। नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) को व्यवस्थाको मर्म पनि यही नै हो। साथै, यो व्यवस्था यति प्रभावकारी छ कि यसले वास्तविक रुपमा अन्यायमा परेका याचकका लागि यस अदालतको ढोका कहिल्यै बन्द हुन दिँदैन। भनिन्छ- <u>संविधानको धारा १३३ को उपधारा (२) र (३) को सीमा आकाश मात्र हो।</u> यो अभिव्यक्ति असाधारण अधिकारक्षेत्रको व्यापकता र प्रभावकारिता बोध गराउने विम्ब हो। यसको अर्थ न्याय प्राप्तिको हकलाई किञ्चित सङ्कुचित बनाइनुहुँदैन भनी बुझ्नुपर्ने हुन्छ।"*

उपर्युक्त व्याख्याको रोहमा यस सम्मानित अदालतलाई ऐ. संवैधानिक व्यवस्था अनुरुप यस अदालतले नेपालको संविधान, को धारा १३३ (२) र (३) द्वारा प्रदत्त असाधारण अधिकार अन्तर्गत कुनै कानून वा सरकारको कुनै Executive/Administrative निर्णयले वालवालिकाको हक हनन् गरेमा उपयुक्त आदेश जारी गरी हक प्रचलन गराउने अख्तियारी राख्दछ।

३. सम्मानित सर्वोच्च अदालतले **आचार्य कर्मा नाम्गयाल तामाङसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत**[2] रहेको मुद्दामा "*सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपालका सर्वसाधारण जनता वा कुनै*

---

[1] तारादेवी ढकाल विरुद्ध बहादुर कृष्ण ताम्राकारसमेत (रिट नं.०८०- WF-००६२)

[2] नेकाप २०७८, अंक ८, नि.नं.१०७२९

जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवाद हुनुपर्ने । नेपाल सरकार वा कुनै सार्वजनिक निकाय वा पदाधिकारीले संविधान वा कानूनबमोजिम गर्नुपर्ने कुनै काम नगरेको वा गर्न नहुने कुनै काम गरेको कारणबाट जनसाधारणको हक, हित वा स्वार्थमा प्रतिकूल असर परेको कुरा सार्वजनिक हक वा सरोकारको विषय हुने।" भनी सार्वजनिक सरोकारको विवादको विषयमा निवेकदको हकदैयाको सम्बन्धमा उदारताका साथ व्याख्या गरेको पाऐन्छ। साथै, **सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[3]को मुद्दामा सार्वजनिक सरोकारको विवाद अन्तर्गत के-कस्ता विवादहरु पर्दछन भनि सो सम्बन्धमा निम्न विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरुपण गर्नुपर्ने विवादको रुपमा लिएको थियोः-

- संविधानको धारा १३(३) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएका विशेष व्यवस्था गरी संरक्षण र सशक्तीकरण गर्न सकिने जातजाति वा व्यक्ति वा वर्गको हकहित सम्वन्धी विषय,
- संविधानको भाग ३ र ४ मा उल्लिखित अन्य व्यक्ति वा समूह वा वर्गको हकहित सम्वन्धी विषय,
- राज्यको ढिलाई वा Inaction को कारण विभिन्न वगर, जातजाति, लिङ्ग, समूह, भाषा भाषी आदि नागरिकको विभिन्न समूह संविधानको भाग ३ ले प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना नगरेको कारणवाट नागरिकहरुको कुनै वर्ग वा समूह वा जातजाति पीडित हुन परेको विषय आदि ।

४. <u>बालबालिकाहरु संविधानतः</u>

विशेष संरक्षण एवं सशत्तीकरण आवश्यक पर्ने वर्ग हुन्। मुलुकको भविष्य एवं कर्णाधारको रुपमा लिईने बालबालिकालाई राज्यले पूर्ण विकास प्रदान गर्नुपर्ने विषय एक अनिवार्य शर्त हो। प्रस्तुत मुद्दा मार्फत निवेदकले उठान गर्न खोजेको विषय मुलतः नेपाल सरकारका, गृह मन्त्रालय र एवं अन्य महानगरपालिका समेतको सहकार्यमा सुकुमवासी क्षेत्रमा रहेका घर, टहरा एवं विद्यालय भत्काए पश्चात सो स्थान बसोबास र अध्ययन गरिरहेका बालबालिकाको शिक्षाको हक सम्बन्धी अधिकारको सुनिश्चितताको निम्ति रहेको हुँदा प्रस्तुत विषय सार्वजनिक सरोकारकै विषय रहे भएको भन्ने सु-स्पष्ट हुन्छ। अब, निवेदकको सो विषयमा मुद्दा गर्ने हैसियत, हकदैया (Locus Standi) को सम्बन्धसवालमा सर्वोच्च अदालत नियमालवी, २०७४

---

[3] सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (नेकाप २०६५ अंक ४ निर्णय नं.७९५८)

को नियम ३२(ख) बमोजिम निवेदकले सम्बन्धित विषयवस्तुमा सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) हुनुपर्ने भनि उल्लिखित व्यवस्था र सम्बन्धित समूह/वर्गको सहि प्रतिनिधित्व (Right Representation) हुनुपर्ने न्यायिक अभ्यासको आलोकमा निवेदक संस्था नेपालमा न्याय र मानव अधिकारको क्षेत्रमा अनवरत रुपमा खबरदारी गर्दै आएको, अतिरिक्त संरक्षण र सशक्तीकरण आवश्यक पर्ने जातजाति वा व्यक्ति वा वर्गको अथवा अल्पसंख्यक समुदायको हक हितको निम्ति क्रियाशिल संस्था रहेको र सो कुराको पुष्टि यस संस्थाको विगतको ऐतिहासिक पृष्ठभूमिबाट समेत प्रमाणित हुने हुँदा यस विषयमा निवेदकको हकदैया सु-स्पष्ट रुपमा पुग्दछ। संविधानको पालनाको निम्ति हरेक नागरिकको दायित्व रहेने र पालना गर्नु, गराउनु तर्फ समुचित प्रयास गर्नुपर्ने भनि विधिशास्त्र समेत निर्माण भएको अवस्था रहेको छ।[4] साथै, निवेदक संस्थाले उठान गरेको बालबालिकाको शिक्षा सम्बन्धी अधिकारको विषयवस्तु उठान गरि बालबालिकाहरु यस अदालतमा स्वयं आउनको निम्ति सम्भावना नरहेको हुनाले सो वर्गको प्रतिनिधित्व गर्दै यस संस्थाले प्रस्तुत विवादलाई निवेदनको स्वरुप दिई सम्मानित अदालतलाई सू-सुचित सम्म गराउन खोजेको अवस्था हो।

<u>घटनाक्रम</u>

५. मिति २०८३।०१।०९ गते नेपाल सरकारका प्रधानमन्त्रीको निर्देशनमा गृह मन्त्रालय र महानगरपालिका समेतको सहकार्यमा काठमाडौं उपत्यकाका नदी किनारका सुकुम्बासी वस्तीहरू आउने शनिबार र आईतबारमै हटाउने, खाली गराउने निर्णय भएको भनि विभिन्न संचार माध्यमा समाचार सम्प्रेषण भएको थियो । सोही निर्णय बमोजिम, जिल्ला प्रशासन कार्यालय काठमाडौले मिति २०८३।०१।१० गते "*नदी किनाराका सार्वजनिक, सरकारी र पर्ति जग्गाहरुमा वर्षौं देखि अनधिकृत तवरबाट रहेको बस्तीहरुका घर तथा टहराहरु मिति २०८३।०१।११ गते साझँ ७:०० बजे भित्रमा खाली गर्नु साथै मिति २०८३।०१।१२ गते बिहान ६:०० बजेदेखि घर टहराहरु भत्काउने र अतिक्रमित स्थल पुर्णरुपमा खाली गर्ने कार्य हुनेछ*" भन्ने सुचना प्रकाशन भएको थियो । उक्त (टेकु-थापाथली, सिनामंगल, गैरीगाँउ र मनोहरा क्षेत्र) लगायत स्थानमा रहेका बस्तीहरूका घर, टहरामा, मठमन्दिर र विद्यालयहरुमा डोजर चलाई भत्काई खाली गराए पश्चात तँहा बसोबास गरिरहेका अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिबाट मिति २०८३।०३।०२ बाट प्राप्त तथ्याङ्क बमोजिम (सूचीकृत हुन आएका घरधुरी संख्या:-२६०८ घरधुरी र पारिवारिक सदस्य सख्या:- ११,१०६) बालबालिका समेतलाई विभिन्न होल्डिंग सेन्टरहरुमा (किर्तिपुर स्थित राधास्वामी सत्संग

---

[4] भरतमणि जङ्गम विरुद्ध संसद सचिवालय सिंहदरबार, काठमाडौ समेत (ने२०५७ .प.का. , अङ्क ९/१० निर्णय नं. ७०३० )

व्यासमा, भक्तपुरको विद्युत तालिम केन्द्र खरिपाटीमा, भक्तपुर बोडेको कृषि तालिम केन्द्रमा, नागार्जुन नगरपालिका वडा नं. १ स्थित इचंगुनारायण अपार्टमेन्ट, बनेपा स्थित रेडक्रस भवन, नुवाकोट खानेपालि तालिम केन्द्र र बसपार्कवरपरका विभिन्न लजहरु) लगायत अन्य स्थान राखिएको छ ।

## ६. विस्थापित घरपरिवार तथा बालबालिकहरुको विवरण:-[5]

| क्र.स. | होल्डिंग सेन्टरहरु (कुल संख्या) | घर वा संख्या | महिला | पुरुष | गर्भवति महिला | बालबालिका | अन्य |
|---|---|---|---|---|---|---|---|
| १. | किर्तिपुर स्थित राधास्वामी सत्संग व्यासमा ५७ घरपरिवारको ११७ जाना | ६५ घरधुरीका २ सय ७७ जना | | | | | भेषबहादुर दर्जी बिरामी भई मिति २०८३।०२।२९ मा मुत्यू भएको छ। *(हाल उक्त स्थानमा बाढीले डुबान भई सबै घरपारिवारलाई पुनःविस्थापित भएको)* |
| २. | भक्तपुरको विद्युत तालिम केन्द्र खरिपाटीमा ४७ परिवारको १५८ जना | ९९ घरधुरीका ३ सय ५५ जना | | - | - | - | - |
| ३. | भक्तपुर बोडेको कृषि तालिम केन्द्रमा १५ घरपरिवारको २६ जना | २४ घरधुरीका १ सय १५ जना | | - | - | - | - |
| ४. | नागार्जुन नगरपालिका वडा नं. १ स्थित अपार्टमेन्ट | ४७ घरधुरीका १ सय ७२ जना | | - | | | |
| ५. | बनेपा स्थित रेडक्रस भवन स्थित अपार्टमेन्ट ३९ घर परिवारको ९६ जना | ४५ घरधुरीका १ सय ९५ जना | | | | | |

[5] स्रोतः अधिकारीक सम्पन्न वागमति सभ्यता एकीकृत विकास समिति ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | बसपार्क/बालाजु/ माछापोखरी वरपरका विभिन्न लजहरु | ८७ घरधुरीका २ सय ९४ जना | | | | | | |
| ७. | नगरकोट स्थित खानेपानी तालिम केन्द्र | २१ घरधुरीका ८० जना | | | | | | |

७. उक्त उल्लिखित बस्ती बसोबास गर्ने अधिकांश बासिन्दाहरुको नेपालको कुनै पनि स्थानमा घर वा जग्गाको स्वामित्व नरही कहीं बसोबास गर्ने अर्को विकल्प उपलब्ध नभएकाले जीविकोपार्जन र आश्रयको अभावमा उक्त नदी किनारमा बास गर्न बाध्य भएको अवस्था रहेको छ । वैकल्पिक आवास तथा पुनर्बास र बालबालिकाहरुको कुनै ठोस व्यवस्था नगरी मात्र एक दिनको सूचनामा सुकुम्बासी वस्ती खाली गर्न लगाउनु र बालबालिकाहरु अध्यनरत रहेको विद्यालय समेतमा डोजर चलाई भत्काउनु नेपालको संविधान, बालबालिका र बालबालिकाको शिक्षा सम्बन्धी हक अधिकार, आवासको हक र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौताहरूको सर्वथा बर्खिलाप रहेकाले विपक्षीहरूको कार्यले हामी निवेदक लगायत उक्त वस्तीमा बसोबास गरिरहेका सबै बालबालिकालाई नेपालको संविधानको धारा १६, १७(२)(ङ)(च), १८, २४, २५, २८, ३७, ३८, ३९, ४१, ४२ ले प्रदान गरेको मौलिक, संवैधानिक तथा कानूनी हक हनन भएको देखिन्छ ।

८. तर, विशेषत बालबालिकाको हकमा विभिन्न होल्डिङ सेन्टरमा बालबालिका निजहरुको पठनपाठन भई विद्यालय जान-आउन कुनै व्यवस्थापन छैन, बालबालिकालाई विद्यालयको सुनिश्चतता नभएको कारण अन्यौलमा साथै मानसिक रुपमा त्रसित रहेको, अशक्त बालबालिकाको हकमा अवस्था अझ गम्भिर रहेको, बोर्ड परीक्षा दिने तयारी रहेको बालबालिका र केही बालबालिकाहरु अध्यरत विद्यालय समेत भत्काईएको हुदा समेत अन्योलपुर्ण र अन्यायपुर्ण अवस्था छ । बालबालिकाहरुको गुणस्तरीय शिक्षा साथै पठनपाठनको कुनै पनि व्यवस्था भएको देखिदैन ।बालबालिकाको सुखद् र उज्ज्वल भविष्यको अनिश्चित हुन पुगेको छ । विशेषत बालबालिकाको स्वास्थ्य र शिक्षाको सम्बन्धमा राज्यबाट प्रभावकारी र परिणाममुखी दायित्व निर्वाह भएको देखिदैन, ***राष्ट्रिय बाल दिवसको अवसरमा नेपाल सरकारबाट "बालमैत्री समाजको आधारः जिम्मेवार परिवार, उत्तरदायी सरकार"*** भनी नारा हुने तर बालबालिकाका लागी आफ्नो जिम्मेवारी विपक्षीबाट कहि-कतै कुनै बहन भएको देखिदैन ।

९. शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान नेपाल सरकारको निर्देशनानुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नयाँ शैक्षिक सत्रका लागि वैशाख १५ गतेबाट भर्ना खोल्ने निर्णय



CamScanner

गरेको थियो । यस अभियान अन्तर्गत देशभरका अधिकांश विद्यालयहरूमा नियमित कक्षा सञ्चालन पठनपाठन भने वैशाख २१ गतेबाट सञ्चालन गरिएको थियो । साथै नेपाल सरकारको मिति २०८२।१२।२१ मा हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरे बमोजिम विद्यालयहरूले शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय अनुरूप आफ्नो शैक्षिक कार्यतालिका समायोजन गरि शैक्षिक सत्र सम्पन्न गर्नुपर्ने चटारो थपिएको देखिन्छ । तर विपक्षीको उल्लेखित कार्यबाट विस्थापित र पिडित हुनुभएका बालबालिका शिक्षाबाट बन्चित हुनुभएको र बालबालिका प्रति विपक्षीको कुनै योजना वा सहयोग भएको देखिदैन ।

**संवैधानिक र कानुनी व्यवस्था:**

१०. नेपालको संविधानको धारा १६ अनुसार प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रत्याभूत छ । वैकल्पिक व्यवस्था नगरी बसोबास उठाइनु सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्यक्ष उल्लङ्घन हो । त्यस्तै समानताको हकले समेत कानूनको समान संरक्षणबाट कोही-कसैलाई वञ्चित नगरिने व्यवस्था उल्लेख गरेको छ । शिक्षा सम्बन्धी हक स्वयं मौलिक अधिकार रहेको र आधारभूत तहसम्म शिक्षाको पहुँचको हक प्रत्येक नागरिकलाई हुने भनि उल्लेख छ।स[6] साथै, बालबालिकाको हक अन्तर्गत "प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वागीण व्यतित्व विकास हक समेत प्रत्याभूत छ[7]। उपर्युक्त संवैधानिक व्यवस्थाको रोहमा उपर्युक्त व्यवस्थाहरु एकआपसमा स्वतन्त्र (mutually exclusive) नभई अनोन्याश्रित (mutually inclusive) छन। सो को अतिरिक्त संविधानको भाग-४ अन्तर्गत उल्लिखित राज्यका निर्देशक सिद्दान्त, नीति तथा दायित्वमा समेत धारा ५० र ५१(ज), ५१(ञ) अन्तर्गतका भूमिहीन अव्यवस्थित बसोबासीको पुनःस्थापना, व्यवस्थित आवास विकास गर्न र बालबालिकाको स्वास्थय र शिक्षाको उचित व्यवस्थापन राज्यलाई निर्देशित गरेको छ । साथै, संविधानमा उल्लेखित राज्यका निति,

---

[6] **नेपालको संविधान, २०७२ धारा ३१: शिक्षा सम्बन्धी हक**

(१) प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।

(३)अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहिन नागरिकलाई तथा बहिरा र स्वर वा बोलाई सम्बन्धमा अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ।

[7] **नेपालको संविधान, २०७२ धारा ३९ बालबालिकाको हक**

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।



CamScanner

निर्देशक तथा सिद्धान्तका व्यवस्थाहरु आलङ्कारिक होईनन्, र उक्त व्यवस्थाको प्रत्यक्षतः त्रुटि (Apparent Error) हुँदा अदालतबाट परीक्षण हुन सक्दछ भनि सम्मानित सर्वोच्च अदालतबाट *योगि नरहरिनाथ वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत*[8], *गोपाल सिवाकोटी वि. जलस्रोत मन्त्रालय समेत*[9], *बालकृष्ण न्यौपाने विरुद्ध श्री ५ को सरकार समेत*[10] का मुद्दाहरुमा न्यायिक व्याख्यासमेत भएको छ।

११. शिक्षा व्यक्तिको आधारभुत आवश्यकताका साथै मानव अधिकार पनि हो । त्यसैले विस्थापित भएका बालबालिकाहरु सबैलाई शिक्षाको न्यायोचित अवसर प्रदान गर्नुपर्दछ ।उचित व्यवस्थापन नगरी जबरजस्ती बसोबास उठिवास गर्नु संविधानतः सर्वथा वर्जित कार्य हो । आवासको अधिकारसम्बन्धी ऐन, २०७५ बमोजिम आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारलाई स-समान छ।[11] प्रत्येक नगारिकलाई आवासको अभावमा जीवन जोखिममा रहने खतराबाट सुरक्षित रहने अधिकार समेत प्रत्याभूत छ।[12] ऐनको दफा ५(४) ले निष्काशनपूर्व पूर्वपरामर्श, पूर्वसूचना, प्रभावित परिवारको उचित पहिचान, अधिकारप्राप्त अधिकारीको रोहवर, ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, अशक्त तथा गर्भवतीलाई विशेष ध्यान दिनुपर्ने प्रत्याभूति दिएको छ । विपक्षीहरूले यीमध्ये कुनै पनि सर्त पूरा गरेका छैनन् । उल्लेखित मौलिक हकहरु प्रत्याभुति नै नगरी जबरजस्ती रुपमा रूपमा वस्ती विस्थापन गरी बिस्थापित बालबालिकाको स्वास्थ्य र शिक्षा लगायतका हकमाथि विपक्षीहरूले आघात पुऱ्याएको छन् ।

बालबालिकाको शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, मनोरञ्जन, खेलकुद तथा सर्वाङ्गीण व्यक्तित्व विकासको लागि नेपाल सरकारले नीतिगत, कानूनी, संस्थागत र संरचनागत व्यवस्था गर्दै विभिन्न कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन गर्दै आइरहेको देखिन्छ। संविधान प्रदत्त शिक्षाको हक शुनिश्चित गर्नका निमित्त अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन

---

8 नेकाप २०५३, नि.न ६१२७

9 नेकाप २०५१, अंक ४, पृष्ठ २५५

10 नेकाप २०५०, अंक ८, पृष्ठ ४६४

11 **आवासको अधिकारसम्बन्धी ऐन, २०७५ दफा ३**

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संवर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुनेछ ।

12 **आवासको अधिकारसम्बन्धी ऐन, २०७५ दफा ३(२)(ख)**

(२) उपदफा (१) बमोजिमको आवासको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछः-

(ख) आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,



CamScanner

कार्ययोजना, २०८१, विद्यालय क्षेत्र विकास योजन २०७६-२०८१ आदि अन्य निति नियमबाट सबैलाई शिक्षाको अवसर उपलब्ध गराई शिक्षाको मूलधारमा ल्याउनुपर्ने साथै निराक्षरताको उन्मुलन हुदै जाने भन्ने राज्य नीति रहेको देखिन्छ । नेपाल सरकारबाट जवर्जस्ती उठिवास लगाउने कार्यबाट बालबालिकाको नेपालको संविधान, २०७२ को धारा ३१ ले प्रत्यभुति गरेको प्रत्यक नागरिकलाई आधारभुत शिक्षा पहुँच, अनिवार्य तथा निःशुल्क, माध्यामिक शिक्षा निशुल्क र अपांगता (दृष्टिविहिन, स्वार सम्बन्धी हपांगता वा अन्य) भएका र आर्थिक विपन्न बर्गलाई कानुनत निशुल्क उच्च शिक्षा, सम्बन्धि हक र धारा ३९ ले प्रत्यभूत गरेको बालबालिका सम्बन्धि हक समेतको उचित व्यवस्थापन नभएको हुदा विपक्षीको उल्लेखित कार्य संविधानले तोकेको राज्यको दायित्व वर्खिलाप भएगरेको देखिन्छ । अतः विकल्पविहिन जबर्जस्ति उठिवास गरि गराई शिक्षा सम्बन्धि हक र बालबालिका सम्बन्धित हक हनन हुनु कानुन संवत भएको देखिदैन ।आजको मितिमा विद्यार्थीहरुको पहिलो त्रैमासिक परीक्षा सुरु हुने बेला भइसकेको तर सुकुमवासी बस्ती भत्काएर उनिहरु सँगै बालबालिकाहरुलाई समेत होल्डिङ सेन्टरमा राखेको ३ महिना पुगिसक्यो तर अझै विद्यालय जाने कुनै शुनिश्चितता छैन, पाठ्यपुस्तकको कुनै निधो छैन, विद्यालयको कुनै शुनिश्चितता छैन जसबाट के स्पष्ट देखिन्छ भने बालबालिकाहरु शिक्षा प्राप्तिको हकबाट र आन्तरिक परीक्षाबाट समेत वञ्चित हुनपुगेको देखिन्छ ।

**<u>बालबालिकाको सर्वोत्तम हित र राज्यको अन्तिम अभिभावकत्व सिद्धान्त</u>**

१२. बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child) लाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने कानुनी सिद्धान्त छ।[13] अर्थात् बालबालिकाहरूको संरक्षकत्व र उनीहरूको हेरचाह, माया, पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्योपचार उनीहरूको भविष्यसँग जोडिएका नैसर्गिक अधिकारका विषयहरू भएका हुनाले र ती विषयहरूमा नाबालिकहरूले चिन्तन गर्ने, छलफल गर्ने र स्वतन्त्र भएर निर्णय गर्न नसक्ने हुँदा सम्बन्धित पक्ष सदैव सजग र सचेत भई बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child) लाई ध्यानमा राख्नुपर्ने हुन्छ।[14] साथै, असक्षम एवं विशेष संरक्षण आवश्यक पर्ने वर्ग अर्थात बालबालिकाको हकमा संवैधानिक विधिशास्त्रअन्तर्गतको अधिकारमुखी अवधारणा (Right based approach) को आधारमा बालबालिकाको अधिकारको संरक्षणको दायित्व प्रथमतः परिवारमा रहने र ततपश्चात अन्त्यमा राज्यमा रहेको हुन्छ। राज्यको अन्तिम अभिभावकत्व ( Doctrine

---

[13] बालबालिका सम्बन्धि ऐन, २०७५ दफा १६(१)

[14] अप्सरा थापा खड्का विरूद्ध राजेन्द्रकुमार खड्कासमेत (नेकाप २०७५ अंक ८ निर्णय नं. १००७४)



CamScanner

of Parens Patriae) को अवधारणाअनुसार देशका प्रत्येक बालबालिकाको सर्वोत्तम् हित र संरक्षणको लागि राज्यले अभिभावकत्वको जिम्मेवारी ग्रहण गर्नुपर्ने हुन्छ।[15] राज्यले चल्लारुपी बालबालिकाको सर्वोत्तम हितलाई हृदयङ्गम गरि अन्तिम अभिभाभवकको हैसियतले बाल अधिकार, शिक्षा सम्बन्धी हकको सुनिश्चितताको सम्बन्धमा विशेष कदम चाल्नुपर्नेमा तर सो को विपरीत स्वयंले सो हकहरुलाई हरण गरि "चील" सरह व्यवहार गरेको छर्लङ्ग छ। यस्तो परिप्रेक्ष्यमा न्यायपालिकाको "चल्लाको माउ" सरहको भूमिका वहन गर्नुपर्ने अपरिहार्य रहन्छ।

<u>अन्तराष्ट्रिय कानुन</u>

१३. विपक्षी सार्वजनिक निकायवाट भएको कार्य नेपाल पक्षराष्ट्र रहेको अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धिहरु र अन्तर्राष्ट्रिय सर्वमान्य सिद्दान्तहरुको समेत बर्खिलाप भएको देखिन्छ। मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५[16] **आर्थिक, सामाजिक र संस्कृतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञा-पत्र,, १९६६ को धारा १३[17],१४[18],**

---

[15] अधिवक्ता सबिन श्रेष्ठसमेतविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत (नेकाप २०७१ अंक १० नि.नं. ९२५७)

[16] **Universal Declaration of Human Rights (UDHR), 1948**

> **Article 26:** Everyone has the right to education. Education shall be free, at least in the elementary and fundamental stages. Elementary education shall be compulsory. Technical and professional education shall be made generally available and higher education shall be equally accessible to all on the basis of merit.

[17] **International Covenant on Economic, Social and Cultural Rights (ICESCR), 1965**

> **Art 13:** The States Parties to the present Covenant recognize the right of everyone to education. They agree that education shall be directed to the full development of the human personality and the sense of its dignity, and shall strengthen the respect for human rights and fundamental freedoms.

[18] **International Covenant on Economic, Social and Cultural Rights (ICESCR) , 1965**

> **Art 14:** Each State Party to the present Covenant which, at the time of becoming a Party, has not been able to secure in its metropolitan territory or other territories under its jurisdiction compulsory primary education, free of charge, undertakes, within two years, to work out and adopt a detailed plan of action for the progressive implementation, within a reasonable number of years, to be fixed in the plan, of the principle of compulsory education free of charge for all.



CamScanner

बालबालिका सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९८९ को धारा ६[19], २४[20], २७[21],२८[22], २९[23] बमोजिमको विपक्षीको उल्लेखित बालबालिका सम्बन्धित आधारभुत मौलिक हक कार्यान्वयन र जिम्मेवारी, दायित्व र कर्तव्य समेतको उल्लङ्घन गरेको छ । साथै, UN Committee on Economic, Social and Cultural Rights (CESCR) को (General comment 4 adequate housing, NO 7 forced evictions मा प्रत्येक नागरिकलाई आफू बसोबास गरिरहेको स्थानबाट राज्यको बलपूर्वक हस्तक्षेप, सास्ती तथा सो स्थानबाट निष्कासन विरुद्धको हक हुन्छ, रहन्छ भनि

---

[19] **United Nations Convention on the Rights of the Child (UNCRC) 1989**
**Art 6:** 1. States Parties recognize that every child has the inherent right to life.
2. States Parties shall ensure to the maximum extent possible the survival and development of the child.

[20] **United Nations Convention on the Rights of the Child (UNCRC) 1989**
**Art 24(2):** States Parties shall pursue full implementation of this right and, in particular, shall take appropriate measures: -
**(e)** To ensure that all segments of society, in particular parents and children, are informed, have access to education and are supported in the use of basic knowledge of child health and nutrition, the advantages of breastfeeding, hygiene and environmental sanitation and the prevention of accidents;

[21] **United Nations Convention on the Rights of the Child (UNCRC) 1989**
**Art 27:** States Parties recognize the right of every child to a standard of living adequate for the child's physical, mental, spiritual, moral and social development.

[22] **United Nations Convention on the Rights of the Child (UNCRC) 1989**
**Art 28:** 1. States Parties recognize the right of the child to education, and with a view to achieving this right progressively and on the basis of equal opportunity, they shall, in particular:
(a) Make primary education compulsory and available free to all;
(b) Encourage the development of different forms of secondary education, including general and vocational education, make them available and accessible to every child, and take appropriate measures such as the introduction of free education and offering financial assistance in case of need;
(c) Make higher education accessible to all on the basis of capacity by every appropriate means;
(d) Make educational and vocational information and guidance available and accessible to all children;
(e) Take measures to encourage regular attendance at schools and the reduction of drop-out rates.
2. States Parties shall take all appropriate measures to ensure that school discipline is administered in a manner consistent with the child's human dignity and in conformity with the present Convention.
3. States Parties shall promote and encourage international cooperation in matters relating to education, in particular with a view to contributing to the elimination of ignorance and illiteracy throughout the world and facilitating access to scientific and technical knowledge and modern teaching methods. In this regard, particular account shall be taken of the needs of developing countries.

[23] **United Nations Convention on the Rights of the Child (UNCRC) 1989**
**Art 29:** 1.States Parties agree that the education of the child shall be directed to:
(a) The development of the child's personality, talents and mental and physical abilities to their fullest potential;
(b) The development of respect for human rights and fundamental freedoms, and for the principles enshrined in the Charter of the United Nations;
(c) The development of respect for the child's parents, his or her own cultural identity, language and values, for the national values of the country in which the child is living, the country from which he or she may originate, and for civilizations different from his or her own;
(d) The preparation of the child for responsible life in a free society, in the spirit of understanding, peace, tolerance, equality of sexes, and friendship among all peoples, ethnic, national and religious groups and persons of indigenous origin;
(e) The development of respect for the natural environment.
2. No part of the present article or article 28 shall be construed so as to interfere with the liberty of individuals and bodies to establish and direct educational institutions, subject always to the observance of the principle set forth in paragraph 1 of the present article and to the requirements that the education given in such institutions shall conform to such minimum standards as may be laid down by the State.



CamScanner

उल्लेख छ।[24] उल्लिखित व्यवस्थाअनुसार United Nations Convention on the Rights of the Child (UNCRC) 1989 बमोजिम बालबालिकाको चार मार्गनिदेशक सिद्धान्तहरु[25] उल्लेखित यस निवेदनमा बालबालिकाको हकसँग जोडेर व्याख्या गर्नुपर्दछ । उपर्युक्त संम्पूर्ण अन्तराष्ट्रिय प्रतिज्ञापत्र, महासन्धि एवं दस्तावेजहरुमा नेपाल राष्ट्र पक्ष राष्ट्र रहेको छ। सन्धि ऐन, २०४७ अनुसार नेपाल पक्षराष्ट्र भई संसदबाट अनुमोदित भएका अन्तराष्ट्रिय कानुनले नेपालकै कानुन सरहको हैसियत राख्दछ। [26]

१४. यस सम्बन्धमा नेपाल पक्ष राष्ट्र भएको विभिन्न मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरु र अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि बालबालिका सम्बन्धित र बालबालिकाको शिक्षा सम्बन्धि हकलाई मौलिक हकका रूपमा स्थापित गरेका छन् । सन् १९९० को थाइल्याण्डको जोम्तनमा भएको 'सबैका लागि शिक्षा (Education for All) भन्ने अन्तसाष्ट्रिय सम्मेलनले शिक्षा सबैको पहुँचमा हुनुपर्ने" हामीले आत्मसाथ गरेका थियौ । देशको विकासका संवाहक र भोलिका कर्णधार मानिने बालबालिकाको सर्वाङ्गीण विकासका लागि राज्य र परिवारको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने र संवैधानिक व्यवस्था बमोजिम सारवान कानुन समेत लागू गरी बालबालिकाको हक-अधिकार कार्यान्वयनको मापन गर्न र उनीहरूको अवस्था सुदृढ पार्न विभिन्न संसदीय समिति, स्थानिय तह, संघ सस्था, आयोग आदि अन्य निकायहरूले सक्रिय रूपमा भुमिका हुनुपर्ने अवस्थामा हाल कुनै सकृयता र सहजता हुननसकेको छैन। बालबालिकाहरुको हक अधिकार विहीनतामा पुऱ्याउने कार्य र मानव अधिकारको संरक्षण गर्न राज्य विफल भएको स्पष्ट प्रमाण हो ।

१५. <u>अतः</u> विपक्षीहरूको कामकारबाहीले हामी निवेदक लगायत उक्त वस्तीमा बसोबास गरिरहेका बालबालिकालाई नेपालको संविधानको धारा १६, १७(२)(ङ)(च), १८, २४, २५, २८, ३७, ३८, ३९, ४१, ४२, बालबालिका सम्बन्धी ऐन २०७५, शिक्षा ऐन २०२८, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, नेपाल पक्ष राष्ट्र रहेका विभिन्न मानवअधिकार सम्बन्धी

---

[24] The right to adequate housing (Art.11.1): forced evictions : . 20/05/97. CESCR General comment 7. (General Comments)

[25] Principle of Non-Discrimination,
Principle of Best Interest of the child,
Principle of right to life survival and development &
Principle of respect for the views of child

[26] नेपाल सन्धि ऐन, २०४७

**दफा ९. सन्धि व्यवस्था कानुन सरह लागू हुनेः** प्रतिनिधि सभा वा सङ्घीय संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल .. वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ।



CamScanner

सन्धि तथा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा स्थापित मान्यता, सिद्धान्त समेतको उल्लङ्घन भएको स्पष्ट रहेकाले नेपालको संविधानको धारा ४६, १३३(२), (३) बमोजिम साथै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाउँमा निम्न उल्लेख बमोजिम रिट आदेश जारी गरिपाऊँ।

क. विपक्षी प्रत्यर्थीहरूले २०८३।०१।०९, २०८३।०१।१०, २०८३।०१।११ र २०८३।०१।१२ गते काठमाडौं उपत्यकाका नदी किनारका सुकुम्बासी वस्तीहरू हटाउने, खाली गराउने भनी जारी गरेको सूचना र निर्णय जे, जुन आधारमा कार्यान्वयन गरिएको भएतापनि सो कार्यबाट विद्यालय भत्काउने र बालबालिकाको स्वाथ्य र शिक्षा सम्बन्धी अधिकारमा प्रत्यक्ष प्रतिकूल प्रभाव परेको देखिदा उक्त गैरकानूनी निर्णय झिकाई विद्यालय र बालबालिकाको सम्बन्धमा सो कार्यले पारेको प्रतिकूल प्रभावको हदसम्म कानुन सम्मत हुने गरी निर्णय गर्नु, गराउनु भनि परमादेशको आदेश जारी गरिपाऊँ।

ख. बसोबास गरिरहेको साविकको बस्तीबाट विस्थापित भएका बालबालिकाहरुको सर्वेक्षण, पहिचान र प्रमाणीकरण गरी लगत वा तथ्याङ्क झिकी सम्पुर्ण बालबालिकाहरुको शिक्षा सम्बन्धि हक सुनुश्चितता प्रयोजनार्थ हाल नेपाल सरकारबाट घोषित भर्ना अवधि समाप्त भए पनि यथाशिघ्र निज बालबालिकाहरुको हकमा अगामी श्रावणमा मसान्त भित्र नै विद्यालय वा शैक्षिक सत्रमा सामेल हुने, निजहरुको विद्यालय भर्ना र अध्ययन निरन्तरताको हेतु सम्बन्धित स्थानिय निकायमा समन्वय गरी बालबालिकाको शिक्षाको हक अधिकार सुरक्षित गर्न, गराउनु भनि विपक्षीको नाँउमा अन्तरिम आदेश जारि गरीपाऊँ ।

ग. प्रभावित बालबालिकाको पहिचान र प्रमाणीकरण गरी शिक्षा र स्वास्थ्य आधारसहितको उपयुक्त नजिकको विद्यालयमा बालबालिकाहरुको अनिवार्य र निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक, यातायात, पोशाक र शैक्षिक सामग्री, मनोसामाजिक परामर्श (Psychosocial Support) र अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सुविधा उपलब्ध गर्नु, गराउनु भनि विपक्षीको नाउँमा अन्तरिम आदेश जारी गरिपाऊँ ।

घ. साथै, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय बाल अधिकार परिषदबाट यस विषयमा नियमित अनुगमन तथा मानवअधिकारको संरक्षकको प्रभावकारी भूमिका निर्वाह गर्नू, गर्न लगाउनू भन्ने निर्देशनात्मक आदेश जारी गरिपाऊँ ।

ङ. उल्लेखित स्थानिय तह वा स्थानिय सरकारलाई विपक्षीबाट बिस्थापित भएको परिवार र विशेषत बालबालिकाको शिक्षा सम्बन्धमा स्थानिय तह मातहत संरक्षणमा राखिएको हुदा संविधानत आफ्नो अधिकारक्षेत्र भित्र पर्ने बालबालिकाको शिक्षा सम्बन्धि हक कार्यान्वयनमा उदासीनता देखिएको हुँदा यथासम्भव कानुनबमोजिम हक अधिकार सुनिश्चित प्रयोजनार्थ

बाल संरक्षण योजना लागू गरी जिम्मेवार भुमिका निर्वाहा गर्नु, गराउनु भनि परमादेश जारी गरिपाँऊ ।

च. निवेदकसहित काठमाडौं उपत्यका तथा देशै भरिका नदी किनार वा जुनसुकै स्थानका सुकुम्बासी बस्तीका बालबालिकाहरु पहिचान, प्रमाणीकरण र वैकल्पिक उचित व्यवस्था नगरी हटाउने, उठाउने, विस्थापित गर्ने वा कुनै पनि किसिमको जबर्जस्ती कारबाही नगर्नू, नगराउनू भन्ने अन्तरिम आदेश जारी गरिपाऊँ ।

छ. मानिस सामाजिक प्राणी भएको र थातथलोबाट विच्छेद गरेर अर्को अनिश्चित ठाउँमा राख्दा आशंका, अन्योल र त्रासमा बसिरहनुपर्ने, सो अनुरुप मानवोचित पर्याप्त सुविधा दिनुपर्ने र अतिरिक्त स्याहार चाहिने वर्गलाई त्यसको सुनिश्चितता गर्नुपर्ने हुनाले विस्थापित समुदायहरूको स्थायी बसोबास र व्यवस्थापनका सम्पूर्ण प्रक्रिया छिटो टुंगो लगाउनुपर्ने हुदा विस्थापितजनहरुको रोजगार र आयआर्जनको स्रोतको निम्ति समेत जोड दिनुपर्ने र उल्लेखित होल्डिङ सेन्टरहरुमा सुत्केरी, गर्भवती, अपांगता भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका, बिरामी जस्ता अतिरिक्त स्याहार चाहिने वर्गलाई ध्यान दिएर बसोबासको प्रबन्ध गरिएको नहुदा यथासम्भव पर्याप्त र गुणस्तरीय व्यवस्थापन गर्नु, साथै उचित बसोबासको व्यवस्थापन गराई रोजगारको सुनुश्चितता गराई साथै स्थानातरण पुर्व सम्पुर्ण बालबालिकाको शिक्षा वा शैक्षिक शत्रमा कुनै हसर वा क्रमभंग नहुने गरी मात्र स्थानतर गर्नुगराउनु भनी विपक्षी नाउँमा अन्तरिम आदेश जारी गरिपाऊँ ।

ज. साथै, सर्वोच्च अदालतबाट रिट नं. (०७९-WO-१२६७) मा २०८२।०१।२५ मा दिएको अन्तरिम आदेश बमोजिम सुकुम्बासी घर टहरा भत्काउने, विस्थापन गर्ने कार्य तत्काल रोक्नुपर्नेमा विपक्षीहरु हालसम्म पनि कार्य निररन्तर गरिरहेका, कानुन, मौलिक हक र मानव अधिकारको बर्खिलाप जबर्जस्ती बालबालिकामाथि भएको अन्यायपूर्ण कार्यले अदालतको अवहेलना समेत निम्त्याउने भएकोले अवहेलनामा पनि कारवाही गरि पाउँ ।

१६. प्रस्तुत रिट निवेदन इजलाश समक्ष पेश हुँदा मेरो तर्फबाट उपस्थित हुनुहुने कानून व्यवसायीको बहस जिकिर समेतलाई यसै रिट निवेदनको अभिन्न अङ्ग मानी पाऊँ ।

१७. प्रस्तुत विषयमा अन्यत्र निवेदन गरेको छैन ।

१८. <u>संलग्न कागजात:</u>

क. संस्थाको विवरण र निवेदकहरुको नेपाली नागरिकताको प्रतिलिपी

ख. पत्राचार र काम कार्यहरुको विवरण।

१९. लेखिएको बेहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

<u>निवेदक</u>



CamScanner

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तर्फबाट निज

**वरुण बस्याल**

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको तर्फबाट निज

**तिलोत्तम पौडेल**

ईति सम्वत् २०८३ साल श्रावण महिना १२ गते रोज ०३ शुभम्.............................।